**प्रदेश सभा**

**मधेश प्रदेस**

पहिलो अधिवेशन

बैठक संख्या-१७

सूचना पत्र

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

प्रदेश सभाको आजको बैठकको कारवाही मा.सभामुख श्री रामचन्द्र मण्डलज्यूको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम शुन्य समयमा निम्न मा.सदस्यहरुले समसामयिक विषयमा आ आफ्नो मन्तव्य राखु भयो।

मा.विना देवि शर्मा

मा.शारदा देवी थापा

मा.शम्भु प्रसाद साह

मा.सकिल अलि मियाँ

त्यसपछि, मा. सभामुखज्यूले अर्थ मन्त्री मा.संजय कुमार यादवलाई विनियोजन विधेयक, २०८०को सिद्वान्त र प्राथमिकता सभामा प्रस्तुत गर्न अनुमति दिनु भयो ।

त्यस पश्चात, अर्थ मन्त्री मा.संजय कुमार यादवज्यूले बैठकमा विनियोजन विधेयक, २०८०को सिद्वान्त र प्राथमिकता सभामा प्रस्तुत गर्नु भयो ।

त्यसपछि,मुख्यमन्त्री मा. श्री सरोज कुमार यादवज्यूले मधेश प्रदेशका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव पेश गर्नु भयो ।

त्यपछि मा. सभामुखज्यूले मा.सदस्यहरलाई मुख्यमन्त्रीज्यूले पेश गर्न भएको प्रस्तावमा सैद्वान्तिक पक्षमा छलफल गर्न समय दिनु भयो ।

त्यस पश्चात, मधेश प्रदेशका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक माथि सैद्वान्तिक पक्षमा भाग लिनु हुने माननीयज्यूहरुले निम्न नाम उपलब्ध गराउनु भयो ।

मा.राम अशिष यादव

मा. रानी कुमारी तिवारी

त्यसपछि, सभामुखज्यूले सैद्वान्तिक पक्षमा छलफलको समयपछि मधेश प्रदेशका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक निर्णयार्थ पेश गर्नु भयो । सो प्रस्ताव सर्वसहमतिबाट स्वीकृति भएको घोषणा समेत गर्नु भयो

तदन्तर, सभाको अर्को बैठक २०८० साल जेष्ठ २१ गते दिनको ११:०० बजे बस्ने गरी ३:४५ बजे स्थगित भयो ।